# निजामति कर्मचारी संगठनमा सुवेदी



विराटनगर (उस)/नेपाल निजामति कर्मचारी संगठन मोरङको १२ औं जिल्ला अधिवेशनले ओम सुवेदीको अध्यक्षतामा २१ सदस्यीय जिल्ला कार्यसमिति चयन गरेको छ । अध्यक्ष सुवेदी दोस्रो कार्यकालका लागि चुनिएका हुन् । शनिबार सम्पन्न भएको जिल्ला अधिवेशनबाट उपाध्यक्षमा यामनाथ बराल, महिला उपाध्यक्षमा टीका पाठक पराजुली, सचिवमा सालिग्राम कोइराला, सहसचिवमा सुमन फुँयल र कोषाध्यक्षमा उमंग पाण्डे सर्वसम्मत चयन भएका हुन् ।

त्यसैगरी सदस्यहरूमा रीता खवास कार्की, पूर्ण लिम्बू, चोलिन्द्रबहादुर विश्वकर्मा, नरहरि निरौला, चन्द्रकला खनाल, सुदिरा न्यौपाने, कृष्णप्रसाद भट्टराई, सोनितकुमार मण्डल, अम्बिकाप्रसाद सुवेदी, सुमन निरौला, लुकनाथ पोखरेल, सरिता कोइराला, दिव्या कोइराला, बविता राई र प्रदीप आचार्य चयन भएको जनाइएको छ । अधिवेशनले लेखा सुपरीवेक्षण समितिको संयोजकमा मुना दाहाल र सदस्यहरूमा भगवती लम्साल र रोहित पौडेल चयन भएको सहसचिव सुमन फुँयलले जानकारी दिए ।

अधिवेशनको उद्घाटन नेकपा एमालेका केन्द्रीय सदस्य तथा मोरङ इञ्चार्ज विनोद ढकालले गरेका थिए । कार्यक्रममा एमाले मोरङका अध्यक्ष ऋषिकेश पोखरेल, सचिव रूपेश खतिवडा, नेपाल निजामति कर्मचारी संगठनका प्रवक्ता प्रभाषप्रसाद शाह र सचिवालय सदस्य युवाचन्द्र घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

# विराट व्यापार संघमा महिला र युवा उपसमिति



विराटनगर (उस)/विराट व्यापार संघको नवनिर्वाचित कार्यसमितिको सपथ तथा पदस्थापन कार्यक्रम सम्पन्न भएको छ। पदस्थापनपछि अध्यक्ष नरेश खत्रीको अध्यक्षतामा शनिबार बसेको बैठकले महिला उद्यमी समिति र युवा उद्यमी समितिसमेत गठन गरेको छ ।

महिला उद्यमी उपसमितितर्फ संयोजकमा संघकी कार्यसमिति सदस्य सरस्वती ओझा चयन भएकी छन् । सह-संयोजकमा चम्पा कार्की, उपाध्यक्षमा सारदा मैनाली, सचिवमाकुमारी आचार्य र कोषाध्यक्षमा सुष्मीता थापा रिजाल लगायत ११ सदस्यीय समिति गठन भएको जनाइएको छ ।

त्यसैगरी युवा उपसमितिको संयोजकमा नितेश राजगडिया चयन भएका छन् । ११ सदस्यीय समितिको उपाध्यक्षमा अनिश रिजाल, सचिवमा अभिषेक गौतम, कोषाध्यक्षमा सुशील घिमिरे चयन भएको जनाइएको छ ।



मोरङको सुन्दरहरैंचास्थित विराटचोकको महेन्द्र लोकमार्ग धुलाम्यै भएर बस्नै नसकिने भएको र सडक दुर्घटना हुने सम्भावना बढेको भन्दै सडक अवरूद्ध गर्दै स्थानीयवासीहरू । उनीहरूले भत्काएको सडक चाँडै निर्माण गर्नुपर्ने र सडकमा धुलो नियन्त्रणका लागि पानी हाल्नुपर्ने लगायतका माग राखेका छन् । *तस्वीर : मणिराम दाहाल / उद्घोष*

# तेक्वाण्दोका खेलाडी छनोट



विराटनगर (उस)/आगामी चैत ५ र ६ गते काठमाडौंमा हुने व्यवसायिक आईटीएफ तेक्वाण्दो राष्ट्रिय प्रतियोगितामा प्रदेश १ बाट ६ जना खेलाडी छनोट भएका छन् ।

विराटनगरमा भएको गिरिजा प्रसाद कोइराला राष्ट्रिय व्यवसायिक आईटीएफ तेक्वाण्डो प्रदेश १ को छनोट प्रतियोगिताबाट ६ जना खेलाडी छनोट भएका हुन् । छनोट भएका ६ जना महिला र तीन पुरूष तेक्वाण्डो खेलाडी रहेका छन् । ५५ देखि ६३ तौल समूहबाट सुनसरीबाट निकेश कटुवाल, ताप्लेजुङबाट नितेस खवास र सुनसरीबाट हिराधन राई छनोट भएका हुन् । यस्तै महिलातर्फ ४७ देखि ५० केजी तौल समूहबाट मोरङबाट कुसुम राजवंशी, द्वितीय सुनसरीबाट प्रतिष्ठा कटुवाल र तृतीय भोजपुरबाट रोमिला राई छनोट भएका छन् ।

प्रदेश १ का ७ जिल्लाबाट सहभागी खेलाडीहरूबाट व्यवसायिक आईटीएफ तेक्वाण्डो राष्ट्रिय प्रतियोगितामा सहभागी जनाउन प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरूलाई छनोट गरिएको प्रदेश नं. १ आईटीएफ तेक्वाण्डोको अध्यक्ष प्रवीणकुमार कार्कीले जानकारी दिए । छनोट भएका खेलाडीहरूलाई विराटनगरका महानगरपालिका प्रमुख भीम पराजुली, वडाध्यक्ष उद्धव अर्याललगायतले मेडल तथा प्रमाणपत्र वितरण गरेका थिए ।

# बुढीगंगामा एमालेको ४६ वटा टोल कमिटी




विराटनगर(उस)/नेकपा एमाले बुढीगंगा गाउँ कमिटीले सुरू गरेको तीन महिने वडा जागरण कार्यक्रम अन्तरगत 'मेरो वडा म जिताउँछु' अभियानका क्रममा ४६ वटा टोल कमिटी गठन गरेको छ । गाउँपालिकाका सातैवटा वडाहरूमा टोल कमिटी गठन गर्ने अभियान तीव्र पारिएको गाउँ कमिटी उपाध्यक्ष राजन घिमिरेले बताए ।

उनका अनुसार वडा नं १ को टोल कमिटी अध्यक्षहरूमा राजन थापा, राजन खतिवडा, लक्ष्मण न्यौपाने, रोजिना खड्का, ललिता नेपाल भण्डारी, राम घिमिरे, देवराज पराजुली, होमनाथ वास्तोला, अनिता ऋषिदेव रहेका छन् । वडा नं १ मा थप दुईवटा टोल कमिटी गठन गरिने जनाइएको छ ।

वडा नं २ मा चारवटा टोल कमिटी गठन भएका छन् भने अझै पाँचवटा गठन हुन बाँकी रहेको छ । त्यसैगरी वडा नं ३ मा ६ वटा टोल कमिटी गठन भएका छन् । अझै तीनवटा गठन गर्न बाँकी रहेको उनले जानकारी दिए ।

वडा नं ४ मा १० वटा गठन भएको र तीनवटा बाँकी रहेका छन् । वडा नं ५ मा आठवटा टोल कमिटी गठन भएका छन् । त्यस्तै तीनवटा बाँकी रहेको जनाइएको छ । वडा नं ६ मा पाँचवटा गठन भएको र थप सातवटा टोल कमिटी गठन हुन बाँकी रहेको जनाइएको छ । वडा नं ७ मा चारवटा गठन भएको छ । अझै पाँचवटा टोल कमिटी गर्न बाँकी रहेको उपाध्यक्ष घिमिरेले बताए । गाउँ कमिटीको योजना अनुसार फागुनभित्र सबै वडामा टोल कमिटी गठन गर्ने अभियान अन्तरगत सातवटै वडामा थप २५ वटा टोल कमिटी गठन गरिने जानकारी दिए ।

# सुनसरी र झापा विजयी



विराटनगर (उस)/ प्रथम इक्वालिटी कप महिला क्रिकेट प्रतियोगिताको आइतबार भएको खेलमा सुनसरी र झापा विजयी भएका छन् ।

पहिलो खेलमा सुनसरीले मधेश प्रदेशको सप्तरीलाई १० विकेटले पराजित गरेको छ । पराजित भएसँगै सप्तरी प्रतियोगिताबाट बाहिरिएको छ । पहिलो ब्याटिङ गरेको सप्तरीले निर्धारित २० ओभरको खेलमा १४ दशमलव २ बल खेल्दै सबै विकेट गुमाई ४३ रनको झिनो स्कोर बनाएको थियो । सप्तरीकी नविता चौधरीले सर्वाधिक ७ रनको योगदान दिइन् । सप्तरीका ७ जना ब्याटरले खाता नखोली पवेलियन फर्केका थिए । सुनसरीकी उत्कृष्ट खेलाडी सपना साहले ३ विकेट लिंदा प्रिया मलाहाले पनि ३ विकेट लिइन् । ४४ को झिनो लक्ष्य पछ्याएको सुनसरीले ३ दशमलव ३ बलमा विना विकेट सो विजयी लक्ष्य पार गरेको थियो ।

दोस्रो खेलमा नेपालका अन्तर र्राष्ट्रिय खेलाडीले भरिएको झापाले मोरङलाई पराजित गरेको छ ।

पहिलो ब्याटिङ गरेको मोरङले निर्धारित २० ओभरमा ८ विकेट गुमाई ४० रनको झिनो स्कोर बनाएको थियो । मोरङकी कप्तान अन्सु जैसवालले सर्वाधिक ६ रन बनाउँदा ६ जना ब्याटरले खाता नखोली पवेलियन फर्केका थिए । झापाकी हिरणमाई रायले ४ ओभरमा २ मेडन राख्दै ४ रन दिएर २ विकेट लिंदा ज्योती दनुवारले पनि ३ ओभरमा ५ रन दिएर २ विकेट दिएकी थिइन् । ४१ को झिनो लक्ष्य पछ्याएको झापाले ४ दशमलव १ बलमा ९ विकेट क्षतिमा सो विजयी लक्ष्य पार गरेको थियो । झापाका काजल श्रेष्ठले अविजित १७ रन बनाउँदा नग्मा तामाङले १३ रन बनाइन् । मोरङ एक विकेट रन आउटमा पायो । सोमबारको पहिलो खेल झापा र सप्तरी दोस्रो खेल सुनसरी र मोरङबीच हुने छ ।

# एक महिना विशेष छुटको घोषणा



विराटनगर(उस)/नारी दिवसको अवसरमा न्यूरो कार्डियो एण्ड मल्टिस्पेसियालिटी हस्पिटलले महिला विरामीलाई विशेष छुटको घोषणा गरेको छ । अस्पतालले विभिन्न कार्यक्रम गरी नारी दिवस मनाउँदै महिला विरामीलाई एक महिनासम्म विशेष छुटको घोषणा गरेको हो ।

आइतबार विराटनगरमा पत्रकार सम्मेलनको गरेर अस्पतालका निर्देशक रञ्जीतराज बस्नेतले महिलाको सम्मानको लागि मार्च महिना अर्थात् फागुन १७ गतेदेखि चैत १७ गतेसम्म प्रसुती तथा स्त्री रोगको बहिरंग सेवालाई निःशुल्क गरी सम्पूर्ण जाँचमा २५ प्रतिशत छुटको व्यवस्था गरिएको बताए ।

त्यस्तै पाठेघरको मुख सम्बन्धी क्यान्सर जाँच एक महिनामा ५० जना महिलाको पाठेघर क्यान्सर सम्बन्धी जाँच निःशुल्क गरिने अस्पतालले जनाएको छ । त्यसैगरी सो अस्पतालमा सेवा लिन आउने महिला सेवाग्राहीलाई अस्पतालले प्रदान गरिने सम्पूर्ण सेवामा १० प्रतिशत, गर्भवती हेरचाह प्याकेजमा एक सय जना महिलालाई ५० प्रतिशत विशेष छुटको व्यवस्था गरिएको अस्पतालले जनाएको छ । अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा उदाहरणीय काम गर्ने महिलाहरूलाई सम्मान समेत गरिने जनाइएको छ ।

# भानु कलेजमा रमाइलो उत्सव



विराटनगर (उस)/विराटनगरको भानु कलेजले उद्यमशीलता विकासका लागि फन फिस्टा(रमाइलो उत्सव) कार्यक्रमको आयोजना गरेको छ। विद्यार्थीको क्षमता र नेतृत्व विकासका लागि कलेजले कार्यक्रमको आयोजना गरिएको जनाएको छ । शनिबार आयोजना गरिएको कार्यक्रममा नृत्य, गायन, कवितालगायतका प्रतियोगिता गरिएको छ ।

प्रतियोगिताका विजेताहरूलाई पुरस्कारसमेत वितरण गरिएको थियो । उद्यमशीलता विकासका लागि विभिन्न स्टलहरू राखिएको थियो । विद्यार्थीहरू आफैले विभिन्न परिकार बनाएर स्टलमा राखेर बिक्री गरेका थिए । यसैगरी स्टलमा विभिन्न खेलहरूसमेत समावेश गरिएको थियो ।

## डुबेर एकको मृत्यु

विराटनगर(उस)/ मोरङको जहदा गाउँपालिका-४ लोहन्द्रा खोलामा डुबेर एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थानका शम्भु यादवका छोरा १८ वर्षीय उपेन्द्र यादव हुन् । आइतबार दिउँसो माछा मार्न गएका यादव पानीमा डुबेको स्थानीयले देखेपछि उपचारका लागि कोशी अस्पताल ल्याइएको थियो । उपचारका क्रममा उनको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

## «कर

उनले कर प्रशासन, करको दायरा वा आधारमा सुधार हुने भन्दै तीन तहको सरकारका राजस्व संकलनमा एकरुपता नहुनु समस्या भएको बताए ।

मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले खुला सिमानाका कारण नेपाली उपभोक्ता भारतीय बजारमा जाने प्रवृतिलाई रोक्न नेपाली बजारको मूल्यमा सुधार गर्नुपर्ने आवश्यकता औंल्याए । भन्सार विभागका उपमहानिर्देशक यज्ञराज कोइराला र आन्तरिक राजस्व विभागका उपमहानिर्देशक अर्जुनप्रसाद भट्टराईले राजस्व संकलन, स्रोतको व्यवस्थापन र व्यवसायी वा लगानीमैत्री कर प्रणालीले देशमा सुशासन प्रवर्द्धनमा मद्दत गर्ने बताए । अन्तर्क्रियामा राजस्व परामर्श समितिका सदस्य सचिव भूमिराज शर्माले राजस्वका चुनौती, यस सम्बन्धमा गत वर्ष गरिएका सिफारिसहरू, राजस्व नीतिका विशेषता र चालु आर्थिक वर्षको प्रमुख कार्यक्रमका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । (रासस)


## सुन्दरहरैंचा नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
विराटचौक, मोरङ

## बिद्युतीय शिलबन्दी दरभाउपत्र आवहानको सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७८/११/२३

यस नगरपालिकाको वडा नं. १ मा अवस्थित सुन्दरहरैंचा नगर अस्पताल (प्राथमिक स्वास्थ्य केन्द्र, हरैंचा) मा कोभिड भाइरसको संक्रमण रोकथाम, जोखिम न्यूनिकरण तथा १५ शैयाँको अस्पताल सञ्चालनार्थ अस्पतालको सरसफाई सेवाका लागि तथा नगरपालिका र सो अर्न्तगत रहेका कार्यालय सरसफाई जनशक्ति आवश्यक भएकोले सरसफाई तथा फोहोरमैला ब्यवस्थापनको लागि आवश्यक श्रमिक आपूर्ती गर्न इजाजत प्राप्त फर्महरूले यो सूचना प्रकाशित भएको मितिले १६ दिनभित्र E–bidding को माध्यमबाट दरभाउपत्र पेश गर्न इच्छुक फर्म वा कम्पनीले www.bolpatra.gov.np/egp बाट दरभाउपत्र दाखिला गर्न सकिने छ।

| सि.नं. | सेवाको प्रकृती | आवश्यक संख्या | सेवा प्रदान गर्नु पर्ने स्थान | दरभाउ पत्र पेश गर्ने अन्तिम मिति | दरभाउपत्र खोल्ने मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सरसफाई तथा फोहोर ब्यवस्थापन सेवा | ६ जना (कार्यालयले आवश्यक ठानेमा थप समेत गर्न सक्ने) | सुन्दरहरैंचा नगरकार्यपालिकाले तोकेको स्थान | २०७८/१२/०८ गते दिनको १२ बजे | २०७८/१२/०८ गते दिनको १ बजे | |

१. उल्लेखित अनुसार पेश हुन आएका प्रस्तावहरूमध्ये सबैभन्दा घटी सेवा शुल्क प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरिनेछ।
२. प्रस्तावदाताले प्रस्ताव साथ देहाय अनुसार कागजातहरू पेश गर्नुपर्नेछ ।
   क) आ.ब. २०७८/०७९ को लागि नविकरण भएको श्रमिक आपूर्तिकर्ताको इजाजतपत्र
   ख) आ.ब. २०७७/०७८ को करचुक्ता प्रमाणपत्र
   ग) कम्पनी दर्ता प्रमाणपत्र
   घ) मू.अ.कर दर्ता प्रमाणपत्र
   ङ) कम्तीमा पनि ५ वटा १५ शैयाँ वा सो भन्दा माथीको हस्पिटलमा सरसफाई सम्बन्धि काम गरेको अनुभव भएको प्रमाणपत्र
   च) सामाजिक सुरक्षा कोषमा रोजगारदाता सूचीकरणको प्रमाणपत्र ।
३. दरभाउ पत्र फारम खरिद गर्दा भुक्तानी गर्नुपर्ने रकम रू १,०००।-(फिर्ता नहुने गरि)सुन्दरहरैंचा नगरपालिकाको कृषि विकास बैंकमा रहेको खाता नं. ०६०१५०११४७६३०१४६मा जम्मा गरि सो को भौचर समेत स्क्यान गरि पेश गर्नुपर्नेछ ।
४. शिलबन्दि दरभाउ पत्र पेश गर्दा धरौटी रकम रू ३१,०००।- (एकतिस हजार मात्र) रूपैया सुन्दरहरैंचा नगरपालिकाको कृषि विकास बैंकमा रहेको खाता नं. ०६०१५०११४७६३००३०मा जम्मा गर्नु पर्नेछ वा सो रकम बराबरको राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक तथा वित्तीय संस्थाबाट जारी गरिएको बैंक जमानत पेश गर्नु पर्नेछ । पेश गरिएको बैंक जमानतको मान्य अवधि कम्तीमा ७५ दिनको हुनुपर्ने छ ।
५. यस सूचनामा कुनै संसोधन गर्नु पर्ने भएमा सो संसोधन यस नगरपालिकाको वेबसाईट www.sundarharaichamun.gov.np तथा www.bolpatra.gov.np/egp मा प्रकाशन गरिनेछ ।
६. दरभाउँ पत्र आंशिक वा पूर्ण रूपमा स्वीकृत वा अस्वीकृत गर्ने र कारण खुलाई वा नखुलाई द रभाउपत्र रद्ध गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।
७. सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्य कुराहरूको हकमा प्रचलित ऐन, नियम बमोजिम हुनेछ । थप जानकारीका लागि यस कार्यालयको सम्पर्क नं. ०२१-५४५८२२, ९८५२०६६१११ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ ।

- प्रमुख प्रशासकीय अधिकृत



## डा. अंशुमाली जोशी

MBBS (KU), MD (TUTH), DM,
Endocrinology (AIIMS, NEW DELHI)
NMC NO: 3211



काठमाडौंबाट आउनु हुने नेपालकै ख्याती प्राप्त डा. अंशुमाली जोशीद्वारा मधुमेह, थाइराइड तथा हर्मोन सम्बन्धी रोगको जाँच हुने हुँदा बेलैमा आफ्नो नाम दर्ता गरी मौकाको फाइदा उठाउनु होला ।

**अग्रीम नाम दर्ताको लागि सम्पर्क**
**०२१-५११६७३, ०२१-५१४८४४**

**जाँच हुने स्थान : ग्रीन क्रस हस्पिटल प्रा.लि., विराटनगर-९**
**जाँच हुने मिति : २०७८ चैत २५ गते शुक्रबार, २६ गते शनिबार ।**

Regd No.: 70375
GREEN CROSS HOSPITAL P. LTD
Rangeli Road, Biratnagar-9, Morang
021-511673/ 514844


**सौगात प्रकाशन प्रा.लि.**द्वारा प्रकाशित तथा हंसबाहिनी प्रिन्टर्स एण्ड पब्लिकेशन प्रा.लि., विराटनगरद्वारा मुद्रित **कार्यालय** : विराटनगर-७, मेनरोड, **फोन नं.** : ०२१-४५०३०५, ५१५७२८, ५७८३०५ **इमेल** : udghosh@gmail.com,
**प्रबन्ध सम्पादक** : विजय खतिवडा, **समाचार सम्पादक** : विक्रम निरौला, **सहसम्पादक** : कमल रिमाल, **फोटो सम्पादक** : संजीव खनाल, **व्यवस्थापक** : पूर्ण भुजेल, **प्रबन्ध निर्देशक** : बन्धु पोखरेल, **सम्पादक** : मोहन भण्डारी